आज मिति २०६३।३।७ गते प्र.जि.अ. तथा जिल्ला दैवी प्रकोप उद्धार समितिका अध्यक्ष श्री विष्णु बहादुर थापाज्यूको अध्यक्षतामा जिल्ला दैवी प्रकोप उद्धार समितिको बैठक बस्यो । उपस्थिति एवं निर्णय देहाय बमोजिम छ ।

उपस्थिति

अध्यक्ष श्री विष्णु बहादुर थापा प्र.जि.अ.
सदस्य श्री भरत बहादुर बोहरा प्र.उ.
,, श्री तारादत्त पन्त स.प्र.उ.
,, श्री नरेश बहादुर शाह रा.प. उप निर्देशक
,, श्री तिलक शर्मा हिमाल ने.क.पा.(माओवादी केन्द्र)
,, श्री केशव कुमार यादव ने.स.पा.
श्री परशुराम रावल वरिष्ठ कृषि विकास अधिकृत, जि.कृ.वि.का.
श्री नरेन्द्र कुमार वि.क. स्वास्थ्य सेवाको (गुलरिया अस्पताल)
,, विष्णु तिमिल्सिना अध्यक्ष, गैरसरकारी महासंघ
,, तारा सिंह म.वि.नि. म. तथा बालबालिका कार्यालय बर्दिया
,, रजेन्द्र सिंह एल.सी. मन्त्री ने.रे.सो. बर्दिया जि. शाखा
,, दिपक ज्ञवाली DWO/NRCS/DEOC
बद्रीप्रसाद गौतम - लेखा अधिकृत नेपाल रेडक्रस सोसाइटी
हरि के.सी. . शाखा अध्यक्ष नै.रे.सो. - जिल्ला शाखा बर्दिया
विनोद लामिछाने कार्यक्रम अधिकृत - नै.रे.सो. बर्दिया
बालकृष्ण ओली नागरिक समाज संजाल संयोजक
मुकुन्द अर्याल. गुलरिया न.पा. कार्यालय
मान बहादुर डाँगी KMJS Nepal
भीतराम चौधरी FAYA Nepal
विराट पन्त TWUC / Anukulan
मिहि लाल यादव ने.का. जि.का.
दिलीप कुमार - स्वाबलम्बी तत्काल कार्य स.सं. का.
सुशील भण्डारी नेपाल पावर ढल्का
सुशिल पाण्डे जनसम्पर्क अधिकृत
भोजराज घिमिरे, वरिष्ठ कार्यक्रम संयोजक नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालय
कृष्ण प्रसाद गौतम, सभापति, ने.रे.सो. बर्दिया जिल्ला शाखा बर्दिया

अमर बहादुर खड्का अध्यक्ष उ.बा.संघ बर्दिया गुलरिया

द्रोणराज शर्मा, स.व.अ., जिल्ला वन कार्यालय, बर्दिया

इन्द्र बहादुर रावल नेकपा (एमाले) सचिवालय सदस्य

युवराज ढकाल, राष्ट्रिय जनमोर्चा बर्दिया, जिल्ला सल्लाहकार सदस्य

तीर्थ कुमार चन्द नेकपा (माले) बर्दिया

सुमन सुवेदी रा.ज.मो. बर्दिया

निर्माण गिरी, जि.प्र.का. बर्दिया (प्र.ना.उ.)

प्र.ह. मिन बहादुर रावत DEOC बर्दिया रेडियो अपरेटर

धनेश यादव अध्यक्ष सद्‌भावना पार्टी

कृष्ण प्रसाद यादव सं.स. फोरम नेपाल

नारायण प्रसाद यादव जि. प्रशा. का. बर्दिया

श्याम प्रसाद थारु " "

कर्ण के.सी. DEOC बर्दिया

प्रताप मल्ल NDRC

मुकेश गौतम NRCS / DEOC / DMA

विनोद कुमार NDRC

कृष्ण प्रसाद जिल्ला प्रशासन

गंगाराम अधिकारी जि प्रशा. का.

सुरेन्द्र थापा जि. प्रशा. का

निर्णयहरु

१. शीत लहरको प्रभाव न्यून गर्न सवै गाउँपालिका र नगरपालिकाले जिल्ला वन कार्यालय र बर्दिया राष्ट्रिय निकुञ्जसंग समन्वय गरी गाउ/नगरका चोक चोकमा दाउराको प्रवन्ध गरी आगोको व्यवस्था गर्ने ।

२. नेपाल रेडक्रस सोसाइटीले गाउँपालिका/न.पा.संग समन्वय गरी शीत लहरबाट प्रभावित हुन सक्ने क्षेत्र/गाउँ/टोल/परिवारको पहिचान गरी जिल्ला अगुवा सहयोगी संस्था (DLSA) र अन्य सहयोगी संस्थासंग समन्वय गरी कम्मल वितरण गर्ने

३. जाडो याममा हुन सक्ने स्वास्थ्य सम्वन्धी समस्यालाई न्यूनिकरण गर्न जिल्ला स्वास्थ्य कार्यालयले जनचेतना मुलक सन्देश वा कार्यक्रम तत्काल संचालन गर्ने र स्वास्थ्यकर्मी तथा औषधीहरुको तयारी अवस्थामा राख्ने व्यवस्था मिलाइ कार्यान्वयन गर्ने ।

४. शीत लहरबाट हुनसक्ने कृषिवाली र पशुपक्षीको क्षतिलाई न्यून गर्न आवश्यक औषधोपचार तथा यसबाट बच्ने र बचाउने उपायहरुको सम्वन्धमा सन्देश मुलक सूचना प्रशारण गराउने व्यवस्था मिलाउन र शीत लहरको कारणबाट अन्नबाली पशुपक्षीको क्षति भएमा कृषकहरुलाई मलबिउ तथा प्राविधिक सहयोग जस्ता राहत तत्काल उपलव्ध गराउन जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशु सेवा कार्यालयले प्रवन्ध गर्ने ।

५. सङ्कटाभिमुख समुहहरु, सुत्केरी, गर्भवती, बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्तिहरु शीत लहरबाट बढी प्रभावित हुने हुँदा उनिहरुलाई न्यानो कपडा, बेबीकिट, हाइजिन किट, टर्च, ल्याक्टोजिन, यातायात खर्चको प्रवन्ध महिला तथा बालबालिका कार्यालये प्रवन्ध गर्ने ।

६. जल तथा मौसम विज्ञान विभाग अन्तर्गत रहेको कर्णाली वेशिन कार्यालयले शीत लहरका विषयमा क्षेत्रगत एवम् जिल्लागत विशिष्टकृत मौसमको भविश्यबाणी सम्वन्धी पूर्व सूचनाको जानकारी विभिन्न संचार माध्यमबाट र जिल्ला आपतकालिन संचालन केन्द्र(DEOC) मा समेत दिन कर्णाली वेशिन कार्यालयलाई अनुरोध गर्ने ।

७. नेपाल रेडक्रस सोसाइटीको प्राविधिक सहयोगमा जिल्ला आपतकालिन केन्द्र (DEOC)को सूचना प्रणालीलाई व्यवस्थित गर्न drrportal(Disaster Risk Reduction Portal) लाई आधार मानी जिल्लाको बस्तुस्थिति अनुसार तयार गरिएको सूचना व्यवस्थापन प्रणालीलाई कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

८. विपद् प्रतिकार्यका लागि नेपाल रेडक्रस सोसाइटीबाट प्राप्त कन्टेनर स्थापना गर्ने स्थान निर्माणका लागि सहयोग गर्ने जिल्ला विकास समिति, गुलरिया नगरपालिका र नेपाल रेडक्रस सोसाइटीलाई धन्यबाद दिने निर्णय गरियो ।